## भारी सवारी चालक करारमा सेवा लिने सम्बन्धी सूचना
## (प्रथम पटक प्रकाशित मिति :२०७९/९/१३)

| क्र.सं. | विज्ञापन नं. | पद नाम | आवश्यक संख्या | कार्यक्षेत्र | पारिश्रमिकतथा सुविधा |
|---|---|---|---|---|---|
| १ | ४/०७९/८० | भारी सवारी चालक (रोलर) | १ (एक) | नगरपालिका क्षेत्रभित्र | नेपाल सरकारले तोके बमोजिमको शुरु स्केल |

**१.शैक्षिक योग्यता र अनुभव (नमुना) :**

(१) दरखास्तआव्हान गरेको मितिमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको ।

(२) भारी सवारी (रोलर) सम्बन्धीचालकअनुमतिप्राप्त गरेको साथै रोलर चलाएको अनुमति प्राप्त भएको । साधारण लेखपढ गर्न जान्ने ।

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

(५) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(६) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**२.दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, भारी सवारी चालक (रोलर) अनुमतिपत्रको प्रमाणित प्रतिलिपि,अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

**३. छनौटसम्बन्धि मापदण्ड:**

**१.शैक्षिक योग्यता (सूचनाअनुसारको न्यूनतम शैक्षिक योग्यताको आधारमा - १५ (पन्ध्र) अंक,**

१.१ साधारण लेखपढ गर्न जान्ने १० (दश) अंक

१.२ ८ कक्षा उत्तीर्ण गरेको १२(बाह्र) अंक

१.३ SEEवा सो सरह उत्तीर्ण गरेको १५ (पन्ध्र)अंक

**२.कार्यानुभव:- २५ (पच्चीस) अंक**

२.१ एक बर्षसम्म सम्बन्धित क्षेत्रमाकार्यानुभवभएको:- १० (दश)अंक

२.२ १ वर्षदेखि २ वर्षसम्म सम्बन्धित क्षेत्रमाकार्य अनुभवभएको- १५(पन्ध्र)अंक

२.३ २ वषदेखि ५ वर्षसम्म सम्बन्धित क्षेत्रमाकार्य अनुभवभएको:- २० (बीस)अंक

२.४ ५ वर्षभन्दा बढी सम्बन्धित क्षेत्रमाकार्य अनुभवभएको:- २५(पच्चीस) अंक

**३.उम्मेदवारको स्थायी ठेगाना सम्बन्धी:- २५(पच्चीस)अंक**

३.१ यस नगरपालिको स्थायी ठेगानाभएमा - २५(पच्चीस)अंक

३.२ भक्तपुरजिल्लाको स्थायी ठेगानाभएमा - १५(पन्ध्र) अंक

३.३ बाग्मतीप्रदेशको स्थायी ठेगानाभएमा - १० (दश)अंक ।

**४.समावेशिता-५(पाँच)अंक**

४.१ दलित, आदिवासीजनजाति, महिला: ५ अंक

**४.अन्तर्वाता सम्बन्धीव्यवस्था- ३० (तीस)अंक**

**५.विविध**

क. Short List मा उत्तीर्ण अंक ५० हुनेछ ।

ख. Short List हुनेलाई मात्रअन्तर्वातामा सहभागीगरिनेछ ।

ग. कार्यालय समय:कार्यालयले तोके अनुसार हुनेछ ।

घ. सेवाअवधि: २०८० असार मसान्तसम्महुनेछ ।

ङ. परीक्षा दस्तुर: रु. ५००।-

केशव सिलवाल
निर्देशक, महाशाखा प्रमुख
कानून तथा प्रशासन महाशाखा

मध्यपुर थिमि नगरकार्यपालिकाको कार्यालय
थिमि, भक्तपुर ।
बागमती प्रदेश, नेपाल

**कार्य विवरण:**

प्राविधिक कर्मचारीको पद नाम: भारी सवारी चालक (रोलर)
प्राविधिक कर्मचारीको नाम:

काम गर्नुपर्ने स्थान: मध्यपुर थिमि नगरपालिका क्षेत्रभित्र

**सुपरिवेक्षक: इन्जिनियर (योजना शाखा)**

प्रतिवेदन पेश गर्नुपर्ने अधिकारी: महाशाखा प्रमुख (सहरी विकास तथा योजना)

**कार्य विवरण:**

१. शाखाप्रमुखको निर्देशन र ड्युटी रोष्टर बमोजिम सवारी साधन चलाउने,
२. आफूले सवारीको हिफाजत गर्ने, तयारी अवस्थामा राख्ने, नियमित सर्भिसिङ मर्मत सम्भार लगायतका कार्यहरू प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतबाट स्वीकृत लिइ गराउने,
३. सवारीको पाटपूर्जा लगायतका सामग्रीमा चोरी हानि नोक्सानीहुननदिने निगरानी राख्ने,
४. रोलर चलाउँदारोलर सम्बन्धी कानूनको उल्लंघन गरी नगरपालिकालाई हानि नोक्सानीहुने कार्य नगर्ने साथै रोलर सञ्चालनगर्दा सरोकारवालाव्यक्तिहरूसँग मर्यादितव्यवहार गर्ने,
५. रोलर सञ्चालनकाक्रममा केही समस्याआइपरेमातुरुन्तयोजनाशाखाप्रमुखलाई जानकारी गराउने ।
६. रोलर सफासुग्घर राख्ने तथा शाखा प्रमुखको समन्वयमा आन्तरिक नियन्त्रण तथा जिन्सी शाखासँग समन्वय गरी रोलर सधैं चालु हालतमा राख्ने ।
७. मर्मतको अभिलेख र प्रमाण राखि भुक्तानीको लागि पेश गर्ने ।
८. कार्यालयले तोके बमोजिमका अन्य कार्य गर्ने ।

केशव सिलवाल
निर्देशक, महाशाखा प्रमुख
कानून तथा प्रशासन महाशाखा